# अरुण काबेली पावर लिमिटेड

## पन्धौं वार्षिक साधारण सभाको विवरण

## (माईन्यूट)

१. **सभाको वैधानिकता :**

अरुण काबेली पावर लिमिटेडको मिति २०८२ साल भाद्र ११ गते बसेको सञ्चालक समितिको वैठक संख्या १५-०९ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ तथा कम्पनीको प्रवन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको पन्धौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रमेशप्रसाद न्यौपानेको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

मिति : २०८२/०६/०३ गते शुक्रवार, (September 19, 2025, Friday)
स्थान : होटल कृष्टल पशुपती, (Hotel Crystal Pashupati) गौशाला, काठमाण्डौं ।
समय : बिहान ११ बजे देखि ।

३. **सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई कानून बमोजिमको सूचना राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा दुईपटक मिति २०८२/०५/१२ र २०८२/०५/१७ गते सार्वजनिक सूचना प्रकाशित गरिनुका साथै कम्पनीको वेवसाईटमा समेत राखी शेयरधनिमहानुभावहरुलाई सार्वजनिक रुपले सूचित गराइएको थियो ।

४. **सभामा छलफलका विषय सूचीहरु:**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. काबेली इर्नर्जी लिमिटेड कम्पनीको संस्थापक शेयरमा थप लगानी गर्न तथा बैंकको दिर्घकालिन कर्जा आंशिक भुक्तानी गर्न हाल कम्पनीको कायम चुँक्ता पूँजीको दुई बराबर एक (२ : १) को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने ।
२. विभिन्न कम्पनीका संस्थापक शेयरमा गरिएको लगानी अनुमोदन गर्ने तथा नयाँ कम्पनीहरुमा लगानी गर्न स्वीकृती प्रदान गर्ने ।
३. कम्पनीको प्रवन्ध पत्रको दफा ४ को उपदफा १ (ज) मा रहेको उद्येश्यमा संशोधन गर्ने ।

४. हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको पूँजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि प्रवन्धपत्र तथा नियमावलीका दफाहरुमा आवश्यक संशोधन थपघट वा परिमार्जन गर्ने सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

५. **उपस्थिति:**

५.१ सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८)

| | | |
|---|---|---|
| १. | श्री रमेशप्रसाद न्यौपाने | अध्यक्ष |
| २. | श्री जिवनराज शाक्य | सञ्चालक |
| ३. | श्री शुशिल तिमिल्सीना | सञ्चालक |
| ४. | श्री सलिना नेपाल | सञ्चालक |
| ५. | श्री शाश्वत चालिसे | स्वतन्त्र सञ्चालक |

**व्यवस्थापन पदाधिकारीहरु:**

| | | |
|---|---|---|
| १. | श्री गुरुप्रसाद न्यौपाने | सल्लाहकार |
| २. | श्री थानेश्वर भट्टराई | कम्पनी सचिव/प्रवन्धक |
| ३. | श्री दिव्या कोईराला | वित्तिय प्रवन्धक |
| ४. | श्री मनिस लावर | ई. ईलेक्ट्रिकल |

५.२ लेखा परिक्षक:

| | | |
|---|---|---|
| १. | श्री घनश्याम पौड्याल | प्रतिनिधि, जि.पौड्याल एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स |

६. **सभाको वैधानिकता:**

साधारण सभा शुरु हुनु अघि कम्पनी सचिव श्री थानेश्वर भट्टराईले उपस्थित शेयरधनि महानुभावहरुको स्वागत गर्नु हुदै कम्पनी ऐन र कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम पन्धौं वार्षिक साधारण सभा वोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप आवश्यक गणपुरक संख्या पुगेको स्वंय उपस्थिती ३७.६६ प्रतिशत तथा प्रतिनिधि (प्रोक्सी)मार्फत ३८.६१ प्रतिशत गरी जम्मा ७६.२७ प्रतिशत शेयरधनीको उपस्थिति रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो ।

७. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन:**

गणपुरक संख्या पुगेको र साधारण सभा वैधानिक रहेकोले सभाको कार्यक्रम सञ्चालक समेत रहनुभएका कम्पनी सचिव श्री थानेश्वर भट्टराईले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावली वमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री रमेशप्रसाद न्यौपानेलाई अनुरोध गर्नुभए वमोजिम अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात् कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, लेखापरिक्षक, नियमनकारी निकायका प्रतिनिधि लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आशन ग्रहण गराउनुभयो । तत्पश्चात् पानसमा दियो वाली राष्ट्रिय गान वजाई साधारण सभा विधिवत रुपमा प्रारम्भ भयो ।

ARUN KABELI POWER LIMITED 2011 A.D.

८. **सभा सञ्चालन:**

क) अरुण काबेली पावर लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभामा कार्यक्रम सञ्चालकले अनुरोध गर्नु भए बमोजिम सञ्चालक समितिका सल्लाहकार श्री गुरुप्रसाद न्यौपानेले सभामा उपस्थित सम्पूर्ण शेयरधनि महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै कम्पनीको १५ औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम शुरु भयो ।

ख) कम्पनी सञ्चालक समिति अध्यक्ष श्री रमेशप्रसाद न्यौपानेले आर्थिक वर्ष २०८१/०८२ का लागि कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा (४) बमोजिम तयार पारिएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन र सोहि वर्षको लेखापरीक्षण भएका वासलात, नाफा नोक्सान हिसाव लगायतका वित्तिय विवरणहरु सभा समक्ष छलफल गरी अनुमोदनका लागि प्रस्तुत गर्नु भयो ।

ग) कम्पनीका वित्तिय प्रवन्धक श्री दिव्या कोईरालाले कम्पनीको आर्थिक वर्ष २०८१/ ०८२ को आय व्याय विवरण र वासलातको समिक्षात्मक प्रतिवेदन सभा समक्ष छलफलका लागि पेश गर्नु भयो ।

घ) कम्पनी सञ्चालक समिति सल्लाहकार श्री गुरुप्रसाद न्यौपानले कम्पनी सञ्चालक समितिले तयार पारेको कम्पनीको हाल सम्मका गतिविधिहरु तथा कम्पनीको भावी कार्य योजना वारे सभ्य दृश्य (Power Point Presentation) प्रस्तुतिकरण गर्नु भयो ।

९. **सञ्चालक समितीको प्रतिवेदनका बारे मन्तव्य, जिज्ञासा, तथा सुझावहरु उपर छलफलका लागि आह्वान:**
कार्यक्रमका सञ्चालकले कम्पनी सञ्चालक समितीको प्रतिवेदनमा भएका विषय सूचि सम्वन्धमा छलफलको लागि सभामा उपस्थित शेयरधनीहरुलाई आमन्त्रण गर्नु भयो । सभामा छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुको नामवली यसप्रकार रहेको छ ।

<u>वक्ता शेयरधनिहरु:</u>

१. जगन्नाथ आचार्य
२. भेषराज भण्डारी
३. उत्तमदत्त पाण्डे
४. सुदीप श्रेष्ठ
५. डम्वरु वलभ घिमिरे
६. उद्धव प्रसाद घिमिरे
७. शुत्रधन श्रेष्ठ
८. चन्द्र नारायण श्रेष्ठ
९. इन्द्रकृष्ण श्रेष्ठ
१०. कृष्णप्रसाद अधिकारी
११. ई.वैजनाथ रौनियार
१२. नरसिंहलाल चँखू
१३. व्रम्हदेव शाक्य
१४.गोविन्द बहादर के.सी
१५. इन्द्रप्रसाद लामिछाने
१६. युगल वसेल
१७. ऐयन्द्र कुमार आङवो
१८. निरुपमा गुप्ता
१९. सुमन सापकोटा
२०. नारायण वस्नेत
२१. शिवहरि दंगाल

**सभामा छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको राय सुझाव सहितको उठेका मुख्य मुख्य विषयहरुको सारांश :**

काबेली बि-१ जलविद्युत परियोजनामा गत वर्ष भएको क्षति नोक्सानी कारण कम्पनीले यस आ.व.मा लाभांश वितरण गर्न नसकेको कुरा वार्षिक प्रतिवेदनमा अध्ययन गर्न पाएको कुरा व्यक्त गर्नु भयो ।

बीमा कम्पनीबाट दुई वर्ष वितिसक्दा सम्म पनि दावी भुक्तानी प्राप्त नहुनु दुःख भएको वक्ताहरुले वताउनु भएको छ । यसका लागि आवश्यक परेमा हामी सर्म्पूण शेयरधनिहरुमा समेत वीमा कम्पनीमा जान तयार रहेको सुझाव व्यक्त गर्नु भएको छ । अर्को आ.व.मा शेयरधनीहरुले लाभांश पाउने छन् भन्नेमा आशावादी रहेको वक्ताहरु बताउनु भयो ।

कम्पनीले जलविद्युत परियोजना निर्माण तथा सञ्चालनका साथै परियोजना पश्चात् खाली रहेका जमिनहरुलाई सदुपयोग गर्दै कफि तथा फलफुल खेती, बाखा तथा पशुपालन गरी कृषि क्षेत्रको विस्तारका लागि गरिएका कार्यहरु राम्रो पक्ष रहेको विचार व्यक्त गर्नु भयो ।

काबेली इनर्जि लिमिटेडले प्रवर्द्धन गरी निर्माण गरिरहेको ३७.६० मेगावाट क्षमताको कावेली-ए जलविद्युत आयोजनामा थप लगानी गर्न र कावेली वि-१ जलविद्युत परियोजना निर्माणका लागि श्री कुमारी  बैंक लिमिटेड लिइएको बैंकको दिर्घकालिन कर्जा आंशिक भुक्तानीका लागि हाल कम्पनीको कायम चुँक्ता पूँजी रु. ३, ८९, ५९,४२१ कित्ताको रु. १०० अकिंत दरमा २:१ को अनुपातमा हकप्रद निष्काशन गर्ने प्रस्ताव स्वीकृतीका लागि शेयरधनी समक्ष ल्याएकोमा सर्म्पूण शेयरधनिहरुले स्वागत गर्नु भयो ।

काबेली ईर्नर्जी लिमिटेडले निर्माण गरिरहेको ३७.६० मेगावाट क्षमताको कावेली -ए जलविद्युत आयोजनामा हामी शेयरधनिहरुलाई लगानीको अवसर प्रदान गर्नु प्रशंसनिय काम भएको विचार व्यक्त गर्नु भएको छ ।

कम्पनीको आगामी वर्षहरुका लागि के कस्ता योजनाहरु रहेको र के कस्ता अध्ययन भईरहेको छ भन्ने जिज्ञासा राख्नुभयो । कम्पनीले आ.व. २०८१/०८२ को वार्षिक साधारण सभा समयमा नै सम्पन्न गर्नु भएकोमा शेयरधनि महानुभावहरुले धन्यवाद व्यक्त गर्दै उत्तर उत्तर प्रगतिको कामना गर्नु भएको छ ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर:**

वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर कम्पनीका अध्यक्ष श्री रमेशप्रसाद न्यौपानेले दिनु भएको समष्टिगत प्रत्युत्तरको सारांश:

सर्वप्रथम अध्यक्षले कम्पनीको पन्धौं वार्षिक साधारण सभामा आफ्नो अमूल्य समय दिएर सहभागी हुनु भई आफ्ना रचनात्मक राय, सुझाव, प्रतिक्रिया तथा राय सल्लाह दिनुभएकोमा शेयरधनी महानुभावहरुलाई कम्पनी तथा सञ्चालक समितिका तर्फवाट विशेष धन्यवाद तथा हार्दिक आभार प्रकट गर्नुभयो ।

अध्यक्षज्यूले कम्पनीले सञ्चालन गरिरहेको कावेली वि-१ जलविद्युत आयोजना (२५ मेगावाट) मा २०८० जेष्ठ ३२ गते आएको वाढी पहिरोको कारण भएको क्षति नोक्सानीका कारण विद्युत उत्पादन करिब ७ महिना वन्द रहेको र २०८१ असोज ११ र १२ गते आएको वाढी पहिरोको कारण काबेली कोरिडोर अर्न्तगत इलाम र गोदकको वीचमा पर्ने १३२ के.भी प्रसारण लाईनका ४ वटा टावरमा क्षति पुग्दा करिव २ महिना परियोजनाको विद्युत उत्पादन वन्द भई विद्युत आम्दानीमा कमी आएकाले यस वर्ष शेयरधनीहरुलाई लाभांश वितरण गर्न नसकिएको व्यहोरा सभालाई वताउनु भयो ।

श्री राष्ट्रिय वीमा कम्पनी लिमिटेडले खटाएको सर्भेयरहरुले पटक पटक स्थलगत भ्रमण गरी बाढीबाट पुग्न गएको हानी नोक्सानीको विष्लेषण गरी सम्पत्ति तथा विद्युत उत्पादन नोक्सानी वापत रु. १६ करोड एकिन गरी वीमाको क्षतिपुर्तिको भुक्तानीको लागि वीमा कम्पनीमा फाईल  पेश गरेको लामो समय व्यतित भएको छ ।

ARUN KABELI POWER LIMITED 2011 AD

यो दुर्घटना घटेको अहिले २८ महिना अवधि पुरा हुँदा पनि हामीले परियोजनाको वीमाको क्षतिपूर्ति वापतको रकम भुक्तानी पाउन नसकेको व्यहोरा सभालाई बताउनु भयो । उक्त रकम भुक्तानी गराउनका लागि अध्यक्षज्यूले शेयरधनि महानुभावहरुसँग सहयोग अपिल समेत गर्नु भयो ।

यस चालु आ.व.मा परियोजना सन्तोषनजक रुपमा सञ्चालनमा रहेकाले र विमा दावी प्राप्त भए सँगै अर्को वर्ष लाभांश दिन सक्ने अवस्था पुग्ने कुरा शेयरधनीलाई जनाकारी दिनु भयो ।

अरुण काबेली पावर लिमिटेडले काबेली -ए जलविद्युत आयोजनामा थप लगानी गर्ने र बैंकको दिर्घकालिन कर्जा आशिंक भुक्तानीका लागि कम्पनीको हाल कायम चुंक्तामा २:१ अनुपातमा हकप्रद निष्काशन गरी जम्मा रु. १९४.७९ करोड प्राप्त गरिने छ । जस मध्येबाट निर्माणधिन काबेली -ए जलविद्युत आयोजनामा थप रु. ९४.७९ करोड लगानी गर्ने र बाँकी रु. १०० करोड २५ मेगावाट क्षमताको कावेली बि-१ जलविद्युत परियोजना निर्माणका लागि श्री कुमारी बैंक लिमिटेडबाट लिइएको बैंकको दिर्घकालिन कर्जा आंशिक भुक्तानी गर्ने व्यहोरा सभालाई बताउनु भयो ।

**१०. प्रस्तावहरुको प्रस्तुति:**

अध्यक्षले सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**११. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव:**

१. छलफलका लागि सभामा प्रस्तुत सामान्य प्रस्ताव (१) अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल भईसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नका लागि राखिएका प्रस्ताव उपर छलफल भईसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव (३) अन्तर्गत कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने सम्वन्धमा तीनवटा फर्महरुवाट प्राप्त कोटेशन मध्ये सवै भन्दा कम मूल्य श्री जि. पौड्याल एण्ड एसोसियट्सबाट प्राप्त भएको हुँदा सो फर्मलाई वाह्य लेखापरीक्षक नियुक्त गर्ने र वाह्य लेखापरीक्षकले गर्नुपर्ने Statutory Audit, Certification (Section 78), Tax Audit लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि निजलाई मूल्य अभिवृद्धि कर बाहेक रु. ५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैंया मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

ARUN KABELI POWER LTD. 2011 AD

(ख) विशेष प्रस्ताव:

१. विशेष प्रस्ताव (१) अन्तर्गत कावेली इर्नर्जी लिमिटेड कम्पनीको संस्थापक शेयरमा थप लगानी गर्ने तथा बैंकको दिर्घकालिन कर्जा आंशिक भुक्तानी गर्न हाल कम्पनीको कायम चुँक्ता पूँजीको २:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

२. विशेष प्रस्ताव (२) अन्तर्गत विभिन्न कम्पनीका संस्थापक शेयरमा गरिएको लगानी अनुमोदन गर्ने तथा नयाँ कम्पनीहरुमा लगानी गर्न स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

३. विशेष प्रस्ताव (३) कम्पनीको प्रबन्ध पत्रको दफा ४ को उपदफा १ (ज) मा रहेको उद्येश्यमा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

४. विशेष प्रस्ताव (४) हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको पूाजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि प्रवन्धपत्र तथा नियमावलीका दफाहरुमा आवश्यक संशोधन थपघट वा परिमार्जन गर्न सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

(ग) विविध:

विविध अन्तर्गत छलफलका विषयहरु नभएकोले छलफल भएन ।

१२. धन्यवाद ज्ञापन तथा सभा समापन:

अध्यक्षले कम्पनीको पन्धौं वार्षिक साधारण सभामा आफ्नो अमूल्य समय दिएर सहभागी हुनु भई सभालाई सफल तथा परिणाममुखी वनाउन सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदैं आउदै गरेको नेपालीहरुको महान चाड दशैं तिहार, नेपाल सम्वत्  तथा छठ पर्वको उपलक्ष्यमा सबै शेयरधनी महानुभावहरुलाई शुभकामना व्यक्त गर्दै कम्पनीको पन्धौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

..........................
थानेश्वर भट्टराई
कम्पनी सचिव

ARUN KABELI POWER LIMITED 2011 AD

..........................
रमेशप्रसाद न्यौपाने
अध्यक्ष

# अरुण काबेली पावर लिमिटेड

पन्धौं वार्षिक साधारण सभा

विशेष प्रस्ताव (३)

## तीन महले

**प्रबन्ध पत्रमा गर्नु पर्ने संसोधन**

| हाल भईरहेको व्यवस्था | प्रस्तावित संसोधन र थप | संसोधन र थप गर्नुको कारण |
|---|---|---|
| **दफा ६**<br>क) कम्पनीको तत्कालको अधिकृत पूँजी रु. ५००,००,००,०००।–(अक्षेरुपी रु. पाँच सय करोड मात्र) छ। | **दफा ६**<br>क) कम्पनीको तत्कालको अधिकृत पूँजी रु. ७००,००,००,०००।–(अक्षेरुपी रु. सात सय करोड मात्र) छ। | कम्पनीले १: ०.५० अनुपातमा हकप्रद शेयर जारी गर्नुपर्ने भएकाले। |
| ख) कम्पनीको तत्काल जारी गरेको पूँजी रु. ३८९,५९,४२,१००।–(अक्षेरुपी रु. तिन सय उनानब्वे करोड उनान्साठी लाख वयालीस हजार एक सय मात्र) छ। | कम्पनीले तत्काल जारी गर्न कबुल गरेको पूँजी रु. ५८४,३९,१३,२००।–(अक्षेरुपी रु. पाँच सय चौरासी करोड उनान्चालिस लाख तेह्र हजार दुई सय मात्र) हुनेछ। | कम्पनीले १: ०.५० अनुपातमा हकप्रद शेयर जारी गर्नुपर्ने भएकाले। |
| ग) कम्पनीको तत्काल चुक्ता गरेको पूँजी रु. ३८९,५९,४२,१००।–(अक्षेरुपी रु. तिन सय उनानब्वे करोड उनान्साठी लाख वयालीस हजार एक सय मात्र) छ। | कम्पनीले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ५८४,३९,१३,२००।–(अक्षेरुपी रु. पाँच सय चौरासी करोड उनान्चालिस लाख तेह्र हजार दुई सय मात्र) छ। | कम्पनीले १: ०.५० अनुपातमा हकप्रद शेयर जारी गर्नुपर्ने भएकाले। |

**प्रवन्ध पत्रमा गर्नु पर्ने संसोधन**

| हाल भईरहेको व्यवस्था | प्रस्तावित संसोधन र थप | संसोधन र थप गर्नुको कारण |
|---|---|---|
| **दफा ४ को उपदफा (ज)**<br>ज) जलविद्युत, बैक, वीमा, सिमेण्ट तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने। | **दफा ४ को उपपदफा (ज)**<br>ज) जलविद्युत, बैक, वीमा, सिमेण्ट, होटल, कृषि सँग सम्वन्धि उद्योग/ कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने, दोश्रो वजारवाट शेयर खरिद विक्री गर्ने तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी/खरिद विक्री गर्ने। | कम्पनीले आफ्नो लगानीको दायरा फराकिलो वनाउनु पर्ने भएकाले। |

.................

थानेश्वर भट्टराई

कम्पनी सचिव